नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
कावासोती

प्र.जि.अ: ०७८-५४०२०१
स.प्र.जि.अ ०७८-५४०६१७
Email: daonawalpur2074@gmail.com

मिति:२०८१/०१/३०

ने.सं. ११४४ बछलाथ्व ५ आइतबार

## चट्याङ्गबाट बच्न सतर्कता अपनाउने सम्बन्धी सूचना।

विगत केही दिनदेखि देशका विभिन्न स्थानहरुमा चट्याङ्गबाट मानवीय एवं भौतिक क्षति भएको हुँदा सोको न्यूनीकरणका लागि तपसिलका उपायहरु अबलम्बन गरी सावधानी अपनाउनुहुन सम्पूर्ण जिल्लाबासीहरुलाई सूचित गरिन्छ।

| सतर्कताका उपायहरु | |
|---|---|
| **घरभित्र रहदा** | **घरबाहिर रहदा** |
| • विद्युतीय सामाग्रीहरु जस्तैः टि.भी, कम्प्युटर, फ्रिज, वासिङ्ग मेसिन बन्द गर्ने।<br>• झ्याल ढोका बन्द गरी घरको भित्तादेखी टाढै बस्ने।<br>• अत्यावश्यक अवस्थामा बाहेक मोवाइल वा कर्डलेस फोन प्रयोग नगर्ने।<br>• घर बाहिर ननिस्कने।<br>• तार सहितको टेलिफोन प्रयोग गरी कुरा नगर्ने। | • आकाशमा विजुली चम्किन र गडयाङगुडुङ्ग गर्न थालेपछि घरभित्र बस्ने।<br>• पक्की घर वा गाडी नजिक छ भने घर वा गाडी भित्र झ्याल ढोका बन्द गरी बस्ने।<br>• खुल्ला मैदानमा भए दुई घुडाँ बीच टाउको लुकाई टुक्रुक्क बस्ने।<br>• नजिक घर छैन भने तुरुन्तै सुरक्षित स्थानमा ओत लाग्ने तर रुख वा बिजुलीको पोलमुनि कहिल्यै पनि नबस्ने।<br>• खेतबारीमा काम नगर्ने।<br>• पौडी खेल्ने, माछा मार्ने, र्‍याफ्टिङ गर्ने जस्ता क्रियाकलाप नगर्ने।<br>• धातुको तारबारको नजिक नबस्ने। |

२०८१/०१/३०
..............................
(मुक्तिराम रिजाल)
सहायक प्रमुख जिल्ला अधिकारी